## सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा ५३ तथा सूचनाको हकसम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण स्वत प्रकाशन

*अवधि २०८० श्रावण १ देखी २०८० पौस मसान्तसम्म*

### १ कार्यालयको स्वरुप र प्रकृति

नेपालको संविधान बमोजिम मुलुक संघीय संरचनामा गएपछि वि सं २०७३ सालमा साविकका ७ गाउँ विकास समिति हरु केराबारी, धात्ताजुङ, हमी, छोप्राक, गांखु, श्रीनाथकोट र जौबारी समेटी यस सिराचोक गाउँपालिका स्थापना भएको हो । यस गाउँपालिकामा छोप्राकलाइ २ वटा वडाहरुमा बिभाजन र साविकका गाविसहरुलाई १ वटा वडा मानि जम्मा ८ वटा वडाहरु रहेका छन । नेपालको संविधानको तथा स्थानिय सरकार संचालन ऐन २०७४ बमोजिम सरकारका तीनैवटा अङ्गहरु व्यवस्थापिका कार्यपालिका तथा न्यायपालिका समेतको स्वशासन साझा शाशन र स्वायत्तताको मर्म र परिकल्पना अनुरुप यस गाउँपालिकामा पनि ती सबै अंगहरु तथा स्थानिय शाशनको व्यवस्था गरिएको छ । यस क्षेत्रका बासिन्दाहरुको अपेक्षा आकांक्षा भावना तथा राज्यको निर्देशक सिद्वान्त नीति तथा दायित्व समेतलाइ आत्मसाथ गरी गतिशिल समाजको निर्माण तथा आर्थिक सामाजिक समुन्नतिको पथमा अग्रसरताका साथ काम गर्दै आइरहेको छ । गाउँपालिका भित्र नियमित प्रशासनिक आकस्मिक तथा विकासात्मक कार्यगरी दीगो शान्ति विकास सुशासन कायम गरी समृद्विको मार्गतर्फ उन्मुख भइरहेको छ ।

### क दीर्घकालीन सोच

“समृद्व, एतिहासिक सिरानचोकको शान, दिगो बिकासको अभियान” संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको अत्यन्त संभावना युक्त गण्डकी प्रदेशको एतिहासिक सांस्कृतिक प्राकृतिक र पर्यटकीय महत्वको गोरखा जिल्लामा अवस्थित यस सिरानचोक गाउँपालिका उपलब्ध स्रोत संभावना र अवसरको उपयोग गरी विकास गतिमा अगाडी लम्कदै छ । गाउँपालिकामा उपलब्ध बिशेषतालाई आधार मानी गाउँपालिका को द्वितिय स्रोतबाट प्राप्त आधार सूचना सहभागिता मूलक छलफल र परामर्शबाट पहिचान भएका संभावना अग्रणी क्षेत्र र स्थानिय बासीले चाहेको अवस्थालाइ मध्यनजर गरिएको छ ।

### ख लक्ष्य

एतिहासिक सौंस्कृतिक प्राकृतिक र पर्यटकिय क्षेत्रको संभावनायुक्त सिरानोक गाउँपालिकाको दीर्घकालिन सोच “दिगो सुशासन र गुणात्मक विकासको आधार तयार गर्नु” हासिल गर्ने दिशामा गाउँपालिका ले आधार योजनाको रुपमा आवधिक एकीकृत विकास योजना तर्जुमा गरेको छ । दीर्घकालिन सोचतर्फ उन्मुख हुन “समृद्व, एतिहासिक सिरानचोकको शान, दिगो बिकासको अभियान” गाउँपालिकाको समस्टिगत लक्ष लिइएको छ ।

### ग उद्देस्यहरु

“गाउँपालिकाको सामाजिक आर्थिक मानवीय विकासमा अभिवृद्वी भई गाउँपालिकावासीको जीवनस्तरमा गुणात्मक सुधार गर्नु ।”

#### सिरानचोक गाउँपालिकाको आवधिक विकास योजनाका मुख्य उद्देश्यहरु

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा राष्ट्रिय योजना आयोगले तयार गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ (नमूना) ले निर्देशित गरे बमोजिमको सहभागीतामूलक विधि तथा प्रकृयाहरु अवलम्बन गरी आवश्यक विषयगत क्षेत्र तथा क्रसकटिङ विषयहरु समेटिएको सिरानचोक गाउँपालिकाको आवधिक विकास योजना तयार गर्नु,
- आवधिक योजना तयार गर्दा अपनाईएका प्रकियाहरु अभिलेखीकरण गरिएको छ, जसमा यस प्रकियाबाट हासिल भएका सिकाइ र अनुभवहरु पनि समावेश गर्नु,
- गाउँपालिकाको वार्षिक योजना र कार्यक्रमहरुको आवधिक योजनासँग संयोजन गर्न आवश्यक ढाँचाहरु तयार गरिएको छ। जसबाट आवधिक विकास योजनाको कार्यान्वयन सुनिश्चित हुने आधार तयार गर्नु

### १ कार्यालयको काम कर्तब्य र अधिकार

प्रकाश घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

१ स्थानीय सरकार संचालन एन २०७४ को दफा ११ को उपदफा २ बमोजिम यस गाउँपालिकाको काम कर्तव्य र अधिकार देहायबमोजिम रहेका छन् ।

- सहकारी संस्था सम्बन्धी नीति, कानून, मापदण्डको निर्माण, कार्यान्वयन, नियमन, दर्ता, अनुमति, खारेजी, विघटन, संघ प्रदेशसंग समन्वय, तथ्यांक व्यवस्थापन र क्षमता अभिवृद्धि गर्ने ।
- एफ.एम. संचालन अनुमति, नवीकरण, नियमन र खारेजी गर्ने ।
- स्थानीय कर, सेवा, शुल्क तथा दस्तुर निर्धारण, संकलन व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड कार्यान्वयन तथा नियमन गर्ने ।
- स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड सेवा सर्त योजना, कार्यान्वयन र नियमन जनशक्ति व्यवस्थापन र वृत्तिविकास गर्ने ।
- स्थानीय तथ्यांक र अभिलेख संकलन सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्ने ।
- स्थानीयस्तरका विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा,कार्यान्वयन, अनुगमन, मूल्यांकन र नियमन गर्ने ।
- आधारभूत र माध्यमिक शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन गर्ने ।
- आधारभूत स्वास्थ्य र सरसफाई सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन गर्ने ।
- स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्ने ।
- स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिंचाई सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा कार्यान्वयन, अनुगमन र नियमन गर्ने ।
- गाउँसभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन सम्बन्धी नीति, कानून र कार्यविधि, रणनीति, आवधिक तथा वार्षिक योजना, कार्यक्रम र बजेट स्वीकृति, सभाका समितिहरू गठन तथा संचालन गर्ने ।
- स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, योजना निर्माण, कार्यान्वयन, अनुगमन र नियमन गर्ने ।
- स्थानीय जग्गाको नाप नक्सा, कित्ताकाट, हालसाविक, रजिस्ट्रेशन नामसारी, दाखिला खारेज, भूमि वर्गीकरण अनुसारको लगत, समन्वय सहजीकरण तथा जग्गाधनी दर्ता प्रामाणपूर्जा वितरण सम्बन्धी कार्य गर्ने ।
- जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन गर्ने ।
- बेरोजगारको तथ्यांक संकलन तथा व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।
- कृषि प्रसारको व्यवस्थापन, संचालन र नियन्त्रण गर्ने ।
- खानेपानी, साना जलविद्युत् आयोजना, वैकल्पीक उर्जा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्ने ।
- विपद् व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन गर्ने ।
- भाषा संस्कृति र ललितकलाको संरक्षण सम्बन्धी नीति मापदन्ड योजना कार्यान्वयन र नियमन गर्ने ।
- जलाधार बन्यजन्तु खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी निती कानुन मापदण्ड योजना कार्यान्वयन र नियमन गर्ने ।

<u>सिरानचोक गाउँपालिकाले हालसम्म पारित गरेका ऐन  नियम निर्देशिका कार्यविधि र मापदण्डहरु</u>

संविधान र कानुन बमोजिम यस गाउँपालिकाको गाउँसभा तथा कार्यपालिकाबाट स्वीकृत नीति १६ ऐन १६ नियमावली ६ कार्यविधि ४४ निर्देशिका तथा मापदण्ड ६ को सूची देहायअनुसार रहेका छन्

CamScanner

प्रकाश घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

नीति तथा ऐन

- आर्थिक ऐन आ. व. (२०७४/०७५, २०७५/०७६, २०७६/०७७, २०७७/०७८ , २०७८/०७९, २०७९/०८० २०८०/०८१)
- विनियोजन ऐन आ. व. (२०७४/०७५, २०७५/०७६, २०७६/०७७, २०७७/०७८ , २०७८/०७९, २०७९/०८० २०८०/०८१)
- गाउँपालिकाको बैठक संचालन कार्यविधी ऐन २०७४,
- गाउँ शिक्षा ऐन, २०७४
- स्वास्थ्य तथा सरसफाई ऐन, २०७५
- विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन, २०७५
- प्रशासकीय कार्यविधि नियमित ऐन
- सहकारी ऐन ,२०७४
- कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७७
- पूर्वाधार विकास ऐन, २०७६
- वातावरण तथा प्राकृतिक श्रोत संरक्षण ऐन, २०७७
- स्थानीय सेवा ऐन, २०७७
- न्यायीक समिति उजुरी कारवाही र किनारा गर्दा अपनाउनु पर्ने कार्यविधि ऐन, २०७५
- सार्वजनिक निजी साझेदारी ऐन, २०७८
- संस्था दर्ता ऐन, २०७८
- खानेपानी बोर्ड गठन ऐन, २०७८

**नियमावली**

- न्यायिक समिति गठन नीयमावली २०७४
- सिरानचोक गाउँसभा नियमावली २०७५
- गाउँकार्यपालिका नियमावली २०७७
- घ वर्गको निर्माण व्यवसायी इजाजत सम्बन्धी व्यवस्था गर्न बनेको नियमावली २०७५
- कर्मचारी आचारसंहिता सम्बन्धी नियमावली २०७८

**कार्यविधि तथा निर्देशिका**

- स्थानीय शिक्षा संचालन तथा व्यवस्थापन कार्यविधी २०७४
- घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि २०७४
- उपभोक्ता समिति संचालन निर्देशिका २०७४
- आधारभूत परीक्षा संचालन तथा व्यवस्थापन कार्यविधी २०७४

    - आधारभूत तह परिक्षा संचालन गठन, २०७४
    - शिक्षक नियुक्ति निर्देशिका, २०७४
    - जेष्ठ नागरिक परिचयपत्र निर्देशिका, २०७४
    - प्राकृतिक श्रोत व्यवस्थापन कार्यविधि, २०७४
    - पदाधिकारी एवं कर्मचारी सेवा सुविधा निर्देशिका, २०७५

CamScanner

प्रकाश घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

- निजी आवास पुनर्निर्माण निर्देशिका, २०७५
- बालबालिकाको अधिकार संरक्षण सम्बन्धी कार्यविधि, २०७५
- अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि, २०७५
- विद्यालय शिक्षक दरबन्दि कार्यविधि, २०७६
- प्रधानाध्यापक र सहायक प्रधानाध्यापक व्यवस्थापन कार्यविधि २०७६
- टोल विकास संस्था संचालन कार्यविधि, २०७६
- विपद् व्यवस्थापन कोष संचालन कार्यविधि, २०७६
- मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्यविधि २०७६
- आकस्मिक कोष संचालन तथा व्यवस्थापन कार्यविधि, २०७६
- समपुरक कोष संचालन तथा व्यवस्थापन कार्यविधि, २०७५
- लैंगिक समानता तथा सामाजिक समावेशिकरण कार्यविधी, २०७६
- सार्वजनिक सुनुवाई कार्यविधी, २०७६
- कृषि शाखाबाट हुने कार्यक्रम कार्यान्वयन कार्यविधी, २०७६
- पशु सेवा शाखाबाट हुने कार्यक्रम कार्यान्वयन कार्यविधी, २०७६
- सिरानचोक गाउँपालिकाको स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७६
- गैर सरकारी संस्था समन्वय, परिचालन तथा अनुगमन सम्बन्धी निर्देशिका, २०७६
- प्राविधिक समिति गठन कार्यविधी, २०७५
- स्थानीय उर्जा विकास सम्बन्धी निर्देशिका, २०७४
- बैठक तथा भ्रमण खर्च सम्बन्धी निर्देशिका, २०७६
- आर्थिक सहायता संचालन तथा व्यवस्थापन कार्यविधी, २०७६
- कोभिड-१९ को कारण प्रतिकुल अवस्थामा सेवा संचालन सम्बन्धी कार्यविधि, २०७७
- क्वारेन्टाइन केन्द्रमा लैंगिक तथा यौनजन्य हिंसा रोकथाम तथा सुरक्षा कार्यविधि, २०७७
- जेष्ठ नागरिक स्वास्थ्य भेटघाट कार्यक्रम
- श्रीनाथ विपन्न नागरिक स्वास्थ्य विमा कार्यविधी
- बाखा पैंचो कार्यक्रम कार्यविधी २०७८
- पशुपालन सुत्केरी खर्च कार्यविधी २०७८
- खानेपानी तथा सरसफाई उपभोक्ता समिती दर्ता तथा नविकरण व्यवस्थापन कार्यविधि, २०७८
- लैंगिक हिंसा उद्धार कोष परिचालन कार्यविधि, २०७६
- लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि, २०७६
- व्यवसाय कर सम्बन्धी कार्यविधि, २०७७
- होमस्टे संचालन कार्यविधि २०७८
- करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७८
- फोहोरमैला व्यवस्थापन कार्यविधि २०७८
- श्रीनाथ विपन्न नागरिक स्वास्थ्य बीमा कार्यक्रम संचालन कार्यविधि २०७८
- संस्था दर्ता तथा नविकरण कार्यविधि २०७८
- सिरानचोक गाउँपालिका सुशासन समिति गठन तथा सञ्चालन कार्यविधि २०७९

CamScanner

- सिरानचोक गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको कार्यसञ्चालन कार्यविधि, २०७९
- सिरानचोक गाउँपालिकाको स्थानीय राजस्व परामर्श समितिको कार्यसञ्चालन कार्यविधि, २०७९
- सिरानचोक गाउँपालिकाको विधायन समिति (गठन तथा सञ्चालन) कार्यविधि, २०७९
- सिरानचोक गाउँपालिकाको लेखा समिति (गठन तथा सञ्चालन) कार्यविधि, २०७९
- सिरानचोक गाउँपालिका बजार अनुगमन निर्देशिका, २०८०

मापदण्ड

- भवन निर्माण तथा नक्सा पास मापदण्ड, २०७५
- आर्थिक सहायता तथा अनुदान बजेट खर्च मापदण्ड, २०७६
- पूर्वाधार योजनामा खर्च गर्ने रकम बजेट मापदण्ड, २०७६
- भैपरी योजनामा खर्च गर्ने रकम बजेट मापदण्ड, २०७६
- सडक मर्मत तथा सरसफाई बजेट मापदण्ड, २०७६
- समपुरक कोष बजेट खर्च मापदण्ड, २०७६

(२) गाउँपालिकाले संघ तथा प्रदेशसंगको सहकार्यमा प्रयोग गर्ने साझा अधिकार संविधानको अनुसूची-९ मा उल्लेख भएबमोजिम हुनेछ । सो अनुरूप सर्वमान्यतामा प्रतिकूल असर नपर्ने गरी देहायको विषयमा संघ र प्रदेश कानूनको अधीनमा रहने गरी तोकिएका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

क. खेलकुद र पत्रपत्रिका

- स्थानीयस्तरको खेलकुदको संरचनाको पूर्वाधार निर्माण, संचालन तथा विकास,
- स्थानीयस्तरका खेलकुद प्रशासन तथा संघ संस्थाको नियमन रे समन्वय,
- खेलकुद विकास र प्रवर्धन,
- खेलकुद प्रतियोगिता आयोजना र सहभागिता,
- खेलकुद सम्बन्धी पूर्वाधारको विकास,
- स्थानीय तहका पत्रपत्रिकाको दर्ता, अभिलेख तथा नियमन ।

ख. स्वास्थ्य

- संघीय तथा प्रदेशस्तरीय लक्ष्य र मापदण्ड बमोजिम स्थानीयस्तरको स्वास्थ्य सम्बन्धी लक्ष्य र गुणस्तर निर्धारण,
- जनरल अस्पताल, नर्सिङ होम, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्थाहरूको क्लिनिक दर्ता, संचालन अनुमति र नियमन,
- स्थानीयस्तरमा औषधिजन्य वनस्पति, जडीबुटी र अन्य औषधिजन्य वस्तुको उत्पादन, प्रशोधन र वितरण,
- स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्थापन,
- स्थानीयस्तरमा औषधि तथा अन्य मेडिकल उत्पादनहरूको न्यूनतम मूल्य निर्धारण र नियमन,
- स्थानीयस्तरमा औषधिको उचित प्रयोग र सूक्ष्मजीव निरोधक न्यूनीकरण,
- स्थानीयस्तरमा औषधि र स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण,
- स्थानीयस्तरमा स्वास्थ्य र सूचना प्रणालीको व्यवस्थापन,
- स्थानीयस्तरमा जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स)
- स्थानीयस्तरको प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक र प्यालिएटिभ स्वास्थ्य सेवा संचालन,

- स्वस्थ जीवनशैली, पोषण, शारीरिक व्यायाम, योग अभ्यास, स्वास्थ्य वृत्तको पालना, पञ्चकर्म लगायतका जनस्वास्थ्य से प्रवर्धन
- जुनोटिक र कीटजन्य रोगको नियन्त्रण तथा व्यवस्थापन,
- सुर्ती, मदिरा र लागू पदार्थजन्य वस्तुको प्रयोग नियन्त्रण तथा सचेतना अभिवृद्धि,
- आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवाको व्यवस
- जनस्वास्थ्य आपतकालीन स्वास्थ्य तथा महामारीको नियन्त्रण योजना र कार्यान्वयन,
- रोगको नियन्त्रण तथा रोकथाम,
- आकस्मिक स्वास्थ्य सेवा प्रवाह तथा स्थानिय सेवाको व्यवस्थापन ।

ग) विद्युत खानेपानी तथा सिंचाई जस्ता सेवाहरु

- विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन
- खानेपानी महसुल निर्धारण र खानेपानी सेवाको व्यवस्थापन
- स्थानीय साना सतह तथा भुमिगत सिंचाई प्रणालीको संचालन तथा मर्मत संभार सेवा शुल्क निर्धारण र संकलन स व्यवस्थापन ।

घ) सेवा शुल्क दस्तुर दण्ड जरिवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी पर्यटन शुल्क

- स्थानीय सेवा शुल्क दस्तुर दण्ड जरिवाना सम्वन्धी नीति कानुन मापदण्ड योजना तर्जुमा कार्यान्वयन र नियमन
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी संकलन समन्वय र नियमन
- खनिज पदार्थको उत्खनन र सो सम्वन्धी रोयल्टी संकलन
- सामुदायिक वनको संचालन र व्यवस्थापन बाट प्राप्त रोयल्टी संकलन ।

ङ) वन जंगल वन्यजन्तु चराचुरुगीं जल उपयोग वातावरण पर्यावरण तथा जैविक विविधता

- वन जंगल वन्यजन्तु चराचुरूगीं जल उपयोग वातावरण पर्यावरण तथा जैविक विविधता सम्वन्धी स्थानीय नीति मापदण्ड योजना कार्यान्वयन अनुगमन र नियमन,
- स्थानीय स्तरमा सामुदायिक ग्रामिण तथा सहरी धार्मीक कबुलियती र साझेदारी वनको संरक्षण सम्वर्धन : अनुगमन र नियमन तथा वन उपभोक्ता समूहको व्यवस्थापन
- मध्यवर्ती क्षेत्रको सामुदायिक धार्मीक र कबुलियती वनको व्यवस्थापन
- स्थानीयस्तरमा नदी किनार नदी उकास नहर किनार तथा सडक किनारमा वृक्षारोपण व्यवस्थापन
- स्थानीयस्तरमा निजी वनको प्रवर्धन अनुगमन र नियमन
- स्थानीयस्तरमा सार्वजनिक खाली जग्गा पाखा वा क्षेत्रमा वृक्षारोपण सम्भार उपयोग र व्यवस्थापन
- स्थानीयस्तरमा जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी सर्वेक्षण उत्पादन संकलन प्रवर्धन प्रसोधन र व्यवस्थापन
- वनबीउ बगैंचा स्थापना व्यवस्थापन र प्रवर्धन
- नर्सरी स्थापना बिरुवा उत्पादन वितरण रोपण र प्रवर्धन
- वन्यजन्तु र चराचुरुगीको संरक्षण व्यवसायिक पालन उपयोग र अनुगमन
- मानव तथा वन्यजन्तु विचको द्वन्द व्यवस्थापन
- स्थानीय प्राणी उद्यान को स्थापना र संचालन
- स्थानीय वन्यजन्तु पर्यटन र आयआर्जन
- स्थानीयस्तरमा आखेटोपहारको व्यवस्थापन

प्रकाश घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

- स्थानीयस्तरमा वन वन्यजन्तु तथा चराचुरुगींको अभिलेखाङकन र अध्ययन अनुसन्धान
- विश्वसम्पदा सूचिमा परेका स्मारक र पुरातात्विक महत्वका वन सीमसार क्षेत्र तटवर्ती क्षेत्रका जग्गा सम्बन्धी लगत
- मिचाहा प्रजातीको नियन्त्रण
- स्थानीयस्तरको जोखिम न्युनीकरण
- जैविक विविधताको अभिलेखाकंन
- स्थानीयस्तरमा हरियाली प्रवर्धन
- स्थानीय साना जल उपयोग सम्बन्धी क्षेत्रगत आयोजना तर्जुमा कार्यान्वयन र अनुगमन
- रैथाने प्रजातिको संरक्षण र प्रवर्धन
- स्थानीयस्तरमा वातावरणीय जोखिम न्युनिकरण
- स्थानीयस्तरमा प्रदुषण नियन्त्रण र हानिकारक पदार्थहरुको नियमन र व्यवस्थापन
- स्थानीयस्तरमा न्युन कार्वनमूखी तथा वातावरमैत्री विकास अवलम्बन
- स्थानीयस्तरमा वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन

## कार्यालयमा रहने कर्मचारी संख्या र कार्य विवरण

**कर्मचारी संख्या**

कार्यालयमा नेपाल सरकारले समायोजन मार्फत पठाएका कर्मचारीहरु तथा स्थानीय तहमा तत्कालिन अवस्थामा कार्यरत कर्मचारीहरु तथा स्थानीय तहमा तत्कालीन अवस्थामा कार्यरत कर्मचारीहरु देहायवमोजिम छन ।

स्थायी दरवन्दी कर्मचारी संख्या ८७ जना

स्थायी पदपुर्ती कर्मचारी संख्या ५५ जना

करार कर्मचारी संख्या ६५ जना

रिक्त दरबन्दी कर्मचारी संख्या ३२ जना

स्थानिय स्थायी कर्मचारी संख्या १ जना

**कार्यालय बाट प्रदान गरिने सेवाहरु**

नेपालको संविधान स्थानीय सरकार संचालन ऐन २०७४ नेपाल सरकार प्रदेश सरकार तथा गाउँपालिकाको गाउँसभाबाट पारित ऐन नियम कार्यविधी तथा निर्देशिकाले तोकेबमोजिमको सेवाहरु प्रदान गरिएको छ ।

**कार्यालयमा रहेको शाखा र जिम्मेवार अधिकारी**

| क स | शाखाको नाम | जिम्मेवारी अधिकारी | कैफियत |
|---|---|---|---|
| | प्रमुख प्रशासकिय अधिकृत | प्रकाश घिमिरे | |
| १ | प्रशासन शाखा/ विपद व्यवस्थापन | अहमद दिन मिया | |
| २ | आर्थिक प्रशासन शाखा | निरमाया पुरी गिरी | |
| ३ | शिक्षा तथा खेलकुद शाखा | मोतिमाया ढकाल | |
| ४ | प्राविधीक शाखा | सुदिप बराल | |
| ५ | योजना शाखा | सकेन्द्र कुमार यादव | |
| ६ | रोजगार सेवा केन्द्र | उत्तम वस्ती | |
| ७ | सामाजिक सुरक्षा तथा पन्जिकरण शाखा | पशुपती घिमिरे | |

CamScanner

प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| ८ | स्वास्थ्य शाखा | टुकमान श्रेष्ठ | |
| ९ | महिला बालबालीका तथा सामाजिक विकास शाखा, | शारदा ढकाल | |
| १० | कृषि विकास शाखा | गणेश वस्नेत | |
| ११ | पशु सेवा शाखा | युवराज न्यौपाने | |
| १२ | सुचना तथा संचार प्रविधी शाखा | राम प्रसाद पाण्डे | |
| १३ | जिन्सी शाखा | कमल कान्त शर्मा | |
| १४ | आन्तरिक लेखा परिक्षक | नेत्र प्रसाद पौडेल | |
| १५ | गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम | सिता रिजाल | |

## कृषि विकास शाखा

- आकस्मिक वालि संरक्षण सेवा टेवा कार्यक्रम अन्तर्गत ,सि.गा.पा. वडा नं.-१,२,५,६,७,८ को किसानहरुको कोदो तथा धान वालीमा लागेको रोग तथा किराहरु नियन्त्रणको लागि विषादि वितरण गरिएको, करिव १५० घरधुरी लावान्वित भएका ।
- सिरानचोक गाउँपालिका ८ ओटा वडाहरुमा ११ सदस्यीय वडा स्तरीय तथा ९ सदस्यीय पालिका स्तरीय संजाल गठन गरि अभिमुखीकरण कार्यक्रम संचालन भइसकेको ।
- सिरानचोक सम्पूर्ण वडाहरुमा मागको आधारमा आलुको बीउ वितरण, २७.५ मेट्रिक टन आलुको बिउ वितरण भईसकेको ।
- आलु खेति विस्तार तथा व्यवसायीक आयोजना अन्तर्गत माटोमा सुक्ष्म खाध्यतत्व तथा डढुवाको विषादी वितरण कार्यक्रम सिरानचोक गाउँपालिका सम्पूर्ण वडाहरुमा सम्पन्न भएको र १७०० किसान घरधुरी लावान्वित भएका ।
- आलु खेति विस्तार तथा व्यवसायीक आयोजना अन्तर्गत आलु खेति प्रविधि ,रोगकिराहरु पहिचान तथा व्यवस्थापन सम्बन्धी तालिम सिरानचोक गाउँपालिका प्रति वडाबाट ५ जनाका दरले ४० जना किसानलाई दुई ठाउँमा २ दिने तालिम संचालित गरिएको ।
- कृषक, कृषक समुह , कृषि सहकारी, कृषि फर्म तथा उद्धमीहरु संग रासायनिक विषादीको प्रयोगमा न्यूनीकरण तथा जैविक विषादीको प्रयोगमा प्रोत्साहन विषयक १ दिने गोष्ठीमा ४० जना कृषकहरु लावान्वित भएका ।
- उन्नत जातको बिउ ( धान, मकै ) वितरण कार्यक्र अन्तर्गत मकैको बिउ खरिद गरि ५० प्रतिशत अनुदानमा किसानहरुलाई वितरण गरिएको ।
- सुन्तला जात फलफूलको स्वस्थ बगैचा विभिन्न कारणले केहि बर्ष पछि रोग ग्रस्त भई उत्पादन घट्न जाने समस्या न्यूनीकरणको लागि बगैचा व्यवस्थापन सम्बन्धी स्थलगत तालिम सबै वडाहरुमा संचालन गरि करिव १७३ जना कृषकहरु लावान्वित भएका ।
- प्रधामन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गतको आ.व. २०७९/८० को अलैची पकेट निरन्तरता कार्यक्रम कार्यान्वयन प्रतिवद्धता भई वडा न. २ मा अलैची भट्टी तथा वडा न. ७ अलैची नर्सरी कार्यक्रम संचालनमा रहेको
- माटो परिक्षण मिनी ल्याव स्थापना कार्यक्रम संम्पन्न गरिएको र गाउँपालिका निशुल्क माटो परिक्षण सेवा प्रदान गरिदै आईएको ।

CamScanner

- एक वडा एक थौली विशेष पकेट विकास कार्यक्रम अन्तर्गत वडा ६ मा तोरी पकेट, वडा न. ३ मा अकबरे खुर्सानी पकेट,वडा न ४ र वडा न. ५ मा मौरी पकेट संचालन लागत अनुमानको ७०% , करिब ११ लाख सहयोग गरिएको
- साना सिचाई कार्यक्रम अन्तर्गत वडा न २ र वडा न. ७ का दुइ वटा फर्महरुलाई पानी संकलन टयांकी निर्माण तथा कुलो मर्मतमा २/२ लाख सहयोग गरिएको ।
- आधुनिक प्लास्टिक घर निर्माण कार्यकम ५ वटा फर्महरुलाई लागत अनुमानको ७० प्रतिशत अनुदान सहयोग गरि ६ वटा आधुनिक प्लास्टिक घर निर्माण गरिएको ।

<u>आ ब २०८० ०८१ मा पौष महिनासम्म सुचना तथा संचार प्रविधीका क्षेत्रमा भएका कार्य विवरण</u>

- आ ब २०८०/०८१ को स्थानीय तह संस्थागत क्षमता स्व मुल्याङ्कन स्थानीय तह वित्तीय सुशासन जोखिम मुल्याङ्कन का लागि आवस्यक कागजातहरु संकलन गरि पोर्टलमा प्रविष्ट
- गाउंपालिकाको वेबसाइट र सामाजिक संजाललाइ नियमित रुपमा अपडेट गरि सूचना संप्रेशण गरिएको ।
- बिभिन्न सरकारी कार्यालयहरु बाट माग भए बमोजिमका विवरणहरु र गाउँपालिका द्वारा संचालनमा ल्याइएका बिभिन्न सफ्टवेयरहरुमा आवस्यकता अनुसारको विवरण अद्यावधिक गरिएको ।

## <u>शिक्षा युवा तथा खेलकुद शाखा</u>

शिक्षा युवा तथा खेलकुद तर्फको **आ.ब.२०८०।०८१ श्रावण देखि पौष सम्म** देहाय बमोजिमका कार्यहरु सम्पादन गरिएका छन्।

क)शिक्षा तर्फः

- सिरानचोक गाउँपालिकामा **सामुदायिक विद्यालयहरु १५ वटा मावि स्तर,३१ वटा** आवि स्तरको, १ वटा निजि विद्यालय र २ वटा सिकाइ **केन्द्र संचालनमा रहेको छ।**
- सिरानचोक गाउँपालिकाको **सामुदायिक विद्यालयमा कार्यरत शिक्षक कर्मचारी** २५९ जना स्थायी र अस्थायी दरबन्दी ४७ जना राहत **उमावि दरबन्दीमा १४ जना, ३९ जना दरबन्दी बालकक्षा** सहजकर्ता,१५ जना विद्यालय सहायक लेखापाल,११ जना **शिक्षण सिकाइ अनुदानमावि निमावि अनुदान शिक्षक र ४६** जना विद्यालय सहयोगी गरि कुल जम्मा ४३१ जना रहेको **छ।**
- ४६ वटा सामुदायिक **विद्यालयमा बालविकास केन्द्रदेखि कक्षा ५सम्म २१८०,**कक्षा ६ देखि ८ सम्म २८९ जना र **कक्षा ९-१२मा १७०५जना विद्यार्थी अध्ययन गरिरहेका छन्।**
- **नेपाल सरकारबाट सामुदायिक विद्यालयमा अध्ययनरत बालविकास केन्द्रदेखि** ५ कक्षा सम्म २१८० जना **विद्यार्थीहरुलाई दिवा खाजा व्यवस्था गरिएको छ।**
- **गाउँपालिकाबाट ९ वटा बालविकास केन्द्रको स्थापना गरिएको। सो सिकाइ केन्द्रमा** बालविकास सहजकर्ताको व्यवस्था **गरि मासिक रु.१०००० का दरले मासिक तलब व्यवस्था गरिएको छ।**
- **विद्यालय सहायक कर्मचारी १५ जनालाई गाउँपालिकाको आन्तरिक स्रोतबाट रु.७००० का दरले मासिक तलब व्यवस्थापन गरिएको छ।**
- **दरबन्दीमा कार्यरत ३९ जना बालविकास सहजकर्तालाई गाउँपालिकाको आन्तरिक स्रोतबाट रु.७००० का दरले मासिक थप तलब व्यवस्था गरिएको छ।**
- **विद्यालय कर्मचारीलाई गाउँपालिकाको आन्तरिक स्रोतबाट १-३ सचांलित लाई ३०००, १-५;संचालित लाई ४००० र १-१०,१-१२ संचालित लाई ७००० मासिक थप तलब भत्ताको व्यवस्था गरिएको छ।**

CamScanner

- सिरानचोक गाँउपालिकाका अन्तर्गत मिति २०८०।०८। गते शिक्षक सेवा आयोगबाट सिफारिस भई आएका ४जना माध्यमिक तहका स्थायी शिक्षकहरुलाई पदस्थापना गरिएको छ।
- सिरानचोक गाँउपालिकाका अन्तर्गत मिति २०८०।११। गते शिक्षक सेवा आयोगबाट सिफारिस भई आएका ९जना निम्नमाध्यमिक तहका स्थायी शिक्षकहरुलाई पदस्थापना गरिएको छ।

ख) खेलकुद तर्फः

- आ.ब.२०८०।०८१ मा सिरानचोक गाउँपालिकाको आयोजनामा मिति २०८०।०८।१९ देखि मिति २०८०।०८।२१ सम्म गाउँपालिकास्तरीय राष्ट्रपति रनिङशिल्ड कार्यक्रम संचालन गरिएको छ।
- आ.ब.२०८०।०८१ मा जिल्ला खेलकुद विकास समितिको आयोजनामा जिल्लास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता कार्यक्रममा मिति २०८०।०९।०६ देखि २०८०।०९।०८ सहभागी भई ९ स्वर्ण ५रजत र १ कास्य सहित प्रथम स्थान हासिल गर्न सफल भएको।

<u>आ.ब २०८०/८१ श्रावण १ देखि पौष महिना सम्म प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत भएको प्रगती :</u>

- आ.ब.२०८०/०८१ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत यस गाउँपालिकाभित्रका सूचिकृत बेरोजगार ९०३ जनामध्ये ३१२ जना महिला र ५९१ रहेकोमा हालसम्म १४ जनाले १०० दिन बराबरको रोजगारी प्राप्त गरेका छन् ।
- आ.ब.२०८०/०८१ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत नेपाल सरकार तर्फ ११ वटा र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना विश्व बैंकको सहयोग अन्तरगत १५ वटा गरी जम्मा २६ वटा योजना छनौट भई काम भइरहेका छन् जस मध्य ३ यटा योजनाको भुक्तनि भईसकेको र अन्य आयोजना सम्झौता भई काम भईरहेको ।
- आ.ब २०८१/०८२ को लागी फागुन १ गते देखि वडा वडामा बेरोजगार सूचिकृतको लागी फारम भर्ने कार्य भईरहेको छ।
- श्रम स्वीकृति तथा पुनः श्रम स्वीकृतिको लागि आवश्यक सहजिकरण प्रदान गर्ने कार्य निरनतर गरिदै आएको।
- बैदेशिक रोजगारिको क्रममा मृत्यु वरण गरेकाहरुको परिवारलाई बैदेसिक रोजगारबोर्डको सचिवालय बाट प्रदान गरिने क्षेतिपूर्ती तथा सन्तती क्षात्रावृतीको लागि आवश्यक सहजिकरण गर्ने कार्य।

**लघु उद्यम विकाश शाखा आ.ब २०८०/०८१ मा भएको सम्पादित क्रियाकलापहरु :**

- सिरानचोक गाउँपालिका वडा नं १ मा गरिवी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम मेड्पा अन्तरगत सामाजिक परिचालन, उद्यमशिलता तालिम, प्राविधीक सिप विकास तालिम अन्तरगत कफि खेती सिप विकास तालिम, लघु कर्जामा पहँच, उपयुक्त प्रविधिमा पहुँच र बजारीकरण सम्बन्धी कार्यक्रम ३० जना सहभागी हरुलाई ।
- सि.गा.पा वडा नं १ मा बेमौसमी तरकारी खेती एड्भान्स सिप विकास तालिम कार्यक्रम सम्पन्न गरियो २० जना सहभागी हरुलाई ।
- सि.गा.पा वडा नं ६ मा मौरीपालन सिप विकास तालिम सम्पन्न गरियो २० जना सहभागी हरुलाई ।
- सि.गा.पा वडा नं ८ मा फलफुल खेती एड्भान्स सिप विकास तालिम सम्पन्न गरियो २८ जना सहभागी हरुलाई ।
- सि.गा.पा वडा नं २ मा बेमौसमी तरकारी सिप विकास तालिम सम्पन्न गरियो २० जना सहभागी हरुलाई ।
- सि.गा.पा वडा नं ७ मा बेमौसमी तरकारी सिप विकास तालिम सम्पन्न गरियो २० जना सहभागी हरुलाई ।

प्रकाश ... प्रमुख प्रशासकीय अधिकृत
CamScanner

प्रकाश घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका कार्यालयको आर्थिक वर्ष २०८०।०८१ को माघ मसान्त सम्मको संकलित राजस्व विवरण

| राजस्व शिर्षकहरु | ०७९।०८० मा कुल संकलित राजस्व | आ व २०८०।०८१ को अनुमान | २०८०।०८१ को माघ मसान्त सम्म संकलित राजस्व | प्रतिशत |
|---|---|---|---|---|
| भुमिकर | १०८७१७२ | ११०००00 | ५६८५८९ | ५१.७% |
| व्यक्तिगत घटना दस्तुर | ४३६६०० | ६००००० | २४३८०० | ४०.६% |
| सिफारिस दस्तुर | १६९६१०६ | १८००००० | ११०६६७० | ६१.५% |
| अन्य दस्तुर | ३०७९९९१ | १५००००० | ११८०६०९ | ७८.७% |
| सम्पती कर | १७५२२ | ५००००० | २००८० | ४.०% |
| वहाल कर | २३१८४५ | २००००० | २०१९३५ | १०१.०% |
| व्यवसाय रजिस्टेशन दस्तुर | ७२५७६५ | १०००००० | ५२८९५० | ५२.९% |
| नक्सापास | १८८४५२ | ३००००० | ७९९३७ | २६.६% |
| दहत्तर बहत्तर | ० | ३०००००० | ० | ०.०% |
| जम्मा | ७४६३४५३ | १००००००० | ३९३०५७० | ३९.३% |

महिला तथा वालवालिका (सामाजिक विकास ) शाखा

- रोजगारीको अवसर सिर्जना भएको
- समयको सदुपयोग भएको
- महिलाहरु सचेत र केही गर्नका लागि जागरुक भएको
- आफ्ना कुराहरु राख्नका लागि आवाज उठाउन सक्ने भएको
- स्थानिय सरकारको निति नियम र कार्यविधिहरुको वारेमा जानकारी प्राप्त भएको
- आफुभन्दा माथिल्लो निकायमा सम्पर्क समन्वय वढेको
- ज्येष्ठ नागरिकहरुमा आत्मविश्वास भएको साथै सुरक्षित भएको

महिला तथा वालवालिका (सामाजिक विकास ) शाखाको आ.व.०८०/०८१ मा सम्पादित कियाकलापहरु:

- सिरानचोक गाउँपालिका कार्यलय अन्तर्गत रहेका विभिन्न शाखाहरु सँग समन्वय र सहकार्य गरी कार्यक्रम सम्पन्न भएको ।
- विषय वस्तुसँग सम्वन्धित अन्य जिल्ला र कार्यालयहरु सँग समन्वय गरी सम्पन्न भएको ।
- सिरानचोक गाउँपालिका कार्यालयका अन्तर्गत रहेको १-८ नं. वडाहरुमा आवश्यकता अनुसार सम्पर्क र समन्वय गरी कार्यक्रम सम्पन्न भएको ।

पुर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा

- उपभोक्ता समित द्वारा सम्घौता भएका जम्मा योजनाहरु २२४ वटामा ३ वट संपन्न भई भुक्तानी भईसकेको

CamScanner

- विपद व्यवस्थापन अन्तरगत ४ वटा सम्झौता भई भुक्तानी भईसकेको
- ८ वटा वडामा दशै बाटो सरसफाई गरि भुक्तानी भइसकेको
- १५ वटा ठेक्का आव्हान भएको जसमध्ये १२ वटा सम्झौता भई काम सुरु भएको

<u>स्वास्थ्य शाखा</u>

- आ.व.०७९/०८० मा सम्पादित स्वास्थ्य कार्यक्रमहरुको बार्षिक समिक्षा कार्यक्रम सम्पन्न गरिएको ।
- आ.व.०७९/०८० मा स्वास्थ्य संस्था स्तरमा भएका क्षयरोग कार्यक्रम सम्बन्धी पालिका स्तरिय बार्षिक समिक्षा तथा अभिमुखिकरण कार्यक्रम सम्पन्न
- Hmis Digitization(अन लाईन स्वास्थ्य सुचना ब्यवस्थापन प्रणाली सम्बन्धी स्वास्थ्यकर्मीहरुका लागि तालिम संचालन सम्पन्न
- वटा स्वास्थ्य संस्थामा समस्या EHMIS Digitization कार्यक्रम सुरुवात गरि Computer नभएका संस्थाहरु ५ वटामा Laptop र ५ वटामा Tablet फोन वितरण गरिएको
- घुम्ती चिकित्सक स्वास्थ्य सेवा कार्यक्रम अन्तर्गत सबै वडामा पहिलो चरणको कार्यक्रम सम्पन्न ।सो कार्यक्रम मार्फत बिरामी जाँच गर्नुका साथै अपाङ्गता जाँच सहित महिला बालबालिका शाखाबाट अपाङ्गता परिचय पत्र समेत वितरण गरिएको वडा अनुसार प्रगति विवरण

| क.स | वडा नं | विरामी जाँच संख्या | अपाङ्गता जाँच तथा परिचय पत्र विवरण | संकास्पद क्षयरोगीको खकार नमुना संकलन संख्या | RE urine-१५ जना |
|---|---|---|---|---|---|
| १ | १ | २६ | ० | १२ | |
| २ | २ | १२ | ० | ४ | |
| ३ | ३ | ४० | ३ | ० | |
| ४ | ४ | ४२ | २ | ६ | |
| ५ | ५ | २५ | १ | १ | |
| ६ | ६ | ३२ | ६ | २ | |
| ७ | ७ | ४७ | ४ | ४ | |
| ८ | ८ | ८ | ० | २ | |
| जम्मा | | २३२ | १६ | ३१ | |

- बिधालय मानसिक स्वास्थ्य,आँखा जाँच तथा आर्युवेद शिक्षा कार्यक्रम १४ वटा बिधालयमा सम्पन्न

CamScanner

प्रकाश घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

# पशुसेवा शाखाको आ.व. २०८०/०८१ को अर्धबार्षिक प्रगति

सिरानचोक गाउँपालिकाको आ.व. २०८०/०८१ को पशु सेवा शाखा लाई विनियोजित वजेट तथा कार्यक्रम अन्तरगत हाल सम्मको प्रगति विवरण यस प्रकार रहेको छ ।

| क्र.सं | बार्षिक कार्यक्रम | भएका कार्यक्रमको नाम | प्रगति विवरण | भइरहेको कार्यक्रमको नाम | हुन बाँकि कार्यक्रमको नाम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | औषधि (पशुपंक्षि) खरिद | औषधि खरिद (३००००० | | | | |
| २ | पशु ल्याब तथा सल्यक्रिया कक्ष स्थापना कार्यक्रम | | | पशु ल्याव तथा सल्यक्रिया कक्ष स्थापना कार्यक्रम प्रकिया अगाडि बढिरहेको | भइरहेको | |
| ३ | पशुपंक्षि पालक कृषकहरुको सिप विकास तालिम कार्यक्रम | भैइसकेको | | | | |
| ४ | पशु स्वास्थ्य शिबिर कार्यक्रम | भैइसकेको | ६०७ कृषक लाभान्वित | | | |
| ५ | सामुदायिक कुकुर बन्ध्याकरण कार्यक्रम | भैइसकेको | | | | |
| ६ | पशु बिकास तर्फको अन्तरक्रिया गोष्ठी | भैइसकेको | | | | |
| ७ | बाख्रा प्रवर्धन कार्यक्रमको लागि खोर निर्माण कार्यक्रम | | | कार्यक्रम प्रकिया अगाडि बढिरहेको | | |
| ८ | इपिडेमियोलोजिकल रिपोटिंग | | | भइरहेको | | |

CamScanner

प्रकाश घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

कार्यालयको वेबसाइट इमेल फेसबुक पेज तथा सम्पर्क नम्बरहरु

- वेबसाईट www.siranchowkmun.gov.np
- ईमेल ठेगाना ito.siranchowkmun@gmail.com

सम्पर्क नम्बर

कार्यालयको मुख्य व्यक्तिहरुको नाम र सम्पर्क नम्बर

- गाउँपालिका अध्यक्ष श्री ज्ञानेन्द्र गुरुङ

सम्पर्क नम्बर : ९८५६०४१६७८

इमेल ठेगाना : hamrothalajung@yahoo.com

- गाउँपालिका उपाध्यक्ष श्री रीता देवकोटा

सम्पर्क नम्बर : ९८४६३७७९०१

इमेल ठेगाना : devkotarita2053@gmail.com

- प्रमुख प्रशासकीय अधिकृत श्री प्रकाश घिमिरे

सम्पर्क नम्बर : ९८५१०१००५०

- सुचना अधिकारी श्री अहमद दिन मिया

सम्पर्क नम्बर : ९८५१०१००४९

CamScanner